लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. :-०८०/०८१

च.नं.:-

Email-(laxminiyamun@gmail.com)

मिति : २०८०।०८।२१ गते ।

**बिषय : सूचना ! सूचना !! सूचना !!!**

लक्ष्मीनियाँ गाउँपालिका अन्तर्गतका मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीहरुले तपसिलका कागजातहरु सहित नविकरण गराउनको लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र लक्ष्मीनियाँ गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान - १

२. पासपोट साईजको फोटो थान - २

३.मेरुदण्ड पक्षाघातको हकमा अपाङ्गताको हकमा अपाङ्गता सम्बन्धि प्राप्त गरेको रातो वा नीलो कार्डको प्रतिलिपी थान - १

**नोट :**

१. नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी /निवृतिभरण वा बिदेशी सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यो मासिक वृत्ति उपलब्ध गराईनेछैन् ।

२.नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता , अपाङ्ग भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता लगायत नेपाल सरकारबाट साविकमा पाई आएको सामाजिक सुरक्षा भत्ता मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्नेछन् ।

३.माथि उल्लेखित रोगहरुमध्ये एकभन्दा बढि रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र यादव

प्रमुख प्रशासकिय अधिकृत

CamScanner